# आर्थिक बर्ष २०७८।०७९ को

# निति, कार्यक्रम तथा बजेट ।

**छबिसपाथिभेरा गाउंपालिका**

**बझाङ, जिल्ला**

**सुदूरपश्चिम प्रदेश नेपाल**

**२०७८।३।१०**

## सम्बोधन

गाउँ सभाका अध्यक्ष ज्यू
गाउँ सभाका सदस्य ज्यूहरु
प्रमुख अतिथि ज्यू
विशिष्ट अतिथि ज्यूहरु लगायत अन्य अतिथि गणहरु

छविसपाथिरा गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित गाउँ सभामा आगामी आर्थिक बर्ष २०७८/०७९ को नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएकी छु । यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक शासन व्यवस्था स्थापना गर्नका लागि जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण हार्दिक सर्द्धान्जलि व्यक्त गर्दछु । जनआन्दोलनका क्रममा घाइते तथा वेपत्ता भएका नागरिकहरुको सम्मान गर्दै राजनैतिक परिवर्तनका लागि युगान्तकारी नेतृत्व निर्वाह गर्ने राजनीतिक अग्रज शिखर व्यक्तित्व प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

# खण्ड -१

## परिचय र समिक्षा

### १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२, अनुसार संघ, प्रदेश र स्थानीय तह गरी ३ तहको सरकारको व्यवस्था भइ स्थानीय तहको निर्वाचन सम्पन्न भएको ४ वर्ष पुरा भएको छ। यस अवधिमा संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को अधिकार प्रयोग गरी यस छविसपाथिभेरा गाउँपालिकामा स्थानीय शासन संचालनको अभ्यास भइ रहेको छ।

स्थानीय तहले आफ्नो वजेट प्रत्येक वर्षको असार १० गते भित्र गाउँ सभामा पेश गर्नुपर्ने कानुनी प्रावधान रहेको हुदा नीति कार्यक्रम तथा वजेट पेश गर्न अनुमति चाहन्छु।

### १.२ **चालु आ.व.को नीति तथा कार्यक्रमको समिक्षा** :

चालु आ.व. २०७७।०७८ मा राजश्व वाडफाड तर्फ संघ र प्रदेशवाट रु ६ करोड ६० लाख ८९ हजार शंशोधन गरिएकोमा जेठ मसान्त सम्म रु ३ करोड ३० लाख १४ हजार ५ सय ५६ खर्च भएको छ। शर्शत तर्फ रु २५ करोड ९० लाख शंशोधन गरिएकोमा जेष्ठ मसान्त सम्म रु २० करोड १८ लाख ८५ हजार ८ सय १० प्राप्त भई रु १४ करोड ९१ लाख १९ हजार ७२ रुपैया खर्च भई ५८ प्रतिशत प्रगति भएको छ। समानिकरण अनुदान तर्फ संघ र प्रदेशवाट रु १० करोड ९५ लाख ८७ हजार शंसोधित अनुमान रहेकोमा जेठ मसान्त सम्म रु ७ करोड १४ लाख ७५ हजार ४ सय २९ खर्च भई ६५ प्रतिशत प्रगति रहेको छ। विशेष अनुदान संघ तर्फ रु ६० लाख संशोधन गरिएकोमा रु २४ लाख प्राप्त भइ रु २४ लाख नै खर्च भएको छ। प्रदेश सरकारवाट विषेश अनुदान रु ४५ लाख संशोधन गरिएकोमा रु २३ लाख १० हजार खर्च भएको छ। अधिकांस योजनाहरु कार्य सम्पन्नको अन्तिम चरणमा रहेकाले भुक्तानी हुन वाकी भई कम प्रगति देखिएता पनि आ.व.को अन्त्य सम्ममा पुजिगत खर्च ८८ प्रतिशत भन्दा वढी हुने अनुमान गरिएको छ। आन्तरिक आय तर्फ १५ लाख अनुमान गरिएकोमा आ.व.को जेठ मसान्त सम्म रु १२ लाख ९८ हजार आम्दानी भई ८६ प्रतिशत प्रगति भएको छ। सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु ६ करोड ५० लाख शंशोधित गरिएकोमा रु ४ करोड ७६ लाख ४० हजार ७२ रुपैया प्राप्त भई दोस्रो चौमासिक अवधि सम्म रु ४ करोड ८७ लाख ८ हजार ९ सय खर्च भएको छ।

आ.व. ०७८।०७९ मा लिएका नीति तथा कार्यक्रम अनुरुप केहि नीतिहरु कार्यान्वयन भइ सकेका छन भने केहि नीतिहरु कार्यान्वयनको क्रममा रहेका छन ।

- **कृषि तर्फ :-** प्रत्यक वडामा गहुँमा देखा परेको पहेलो सिन्दुरे रोग र धानको वीउ तथा मकै वालीमा अमेरिकन फौजी किराको प्रकोप नियन्त्रण गर्न विषादी वितरण गरी किरालाइ नियन्त्रण कार्य गरिएको छ । गाउँपालिकाका ९४ घरधुरीका कृषकहरुले समयमै उन्नत जातको ५३ कुइन्टल विउको खरिद गरी वार्ड नं. १,३४,६,७र ५ मा वितरण भएको छ । प्रत्यक वडामा १/१ वटा वहुउद्धेशिय नर्सरीहरु स्थापना भएका छन । ति नर्सरीहरुवाट सुन्तला, कागती, अनार लगायतका १२०० विरुवाहरु निर्यात गरिएको छ । गाउपालिका भरिका ७० जना कृषकहरुले वेमौसमी तरकारी उत्पादन सम्वन्धी तालिम प्राप्त गरेका छन । अनुदानमा १६५ कुइन्टल मल ढुवानी गरी गाउँपालिका भित्रका ३५० कृषकहरुले समयमै रासायनिक मल प्राप्त गरेका छन । गोरु तथा जनसक्ति अभावको कारणले खेतवारी वाझो राख्ने अवस्थालाई निरुतसाहित गर्न यस वर्ष १० वटा मिनि टिलर (हातेट्याक्टर) र १ वटा धान काट्ने मेसिन वितरण गरिएको छ । वडा नं. ४ र १ मा सिंचाइ ट्याँकी निर्माण भइ फलफूल तथा तरकारीमा सिंचाइ गर्न सहज भएको छ । पलाष्टिक टनेल, विषादी तथा सिंचाइका लागि पाइप खरिद गरी किसानहरुलाई वितरण गरिएको छ । वेमौसमी तरकारी खेतीलाइ प्रर्वदन गर्नका लागि पलास्टिक घरहरु निर्माण गरी कृषकहरुलाइ व्यवसायी मुखी वनाइएको छ । कृषकहरुलाइ वेमौसमी आलुखेतीमा आकार्षित गरी व्यवसायी वनाउन आलुको विउ वितरण कार्य गरिएको छ ।
- **पशु सेवा तर्फ :-** पशुजन्य रोगहरु निराकरणका लागि औषधी खरिद गरी पशुहरुमा खोप सेवा तथा उपचार तिव्रताकासाथ अगाडी वढाइएको छ । साथै १ हजार १५ पशुहरुलाइ औषधी उपचार, १०४७ पशुहरुलाइ भ्याक्सिन र ४७ वटा कुकुरहरुलाइ रेविज विरुद्धको खोप लगाइ सेवा प्रदान गरिएको छ ।
- **शिक्षा तर्फ :-** जनप्रिय मा.वि. को नमुना विध्यालय भवन निर्माण कार्यको टेण्डर आह्वान भएर ठेक्का समेत स्वीकृत भई निर्माण कार्य प्रारम्भिक चरणमा रहेको छ । वान्नीचौर मा.वि. मा प्रविधियुक्त विज्ञान प्रयोगशाला स्थापना भएको छ । त्यसैगरी जनज्योती आधारभूत विध्यालय र भगवती आधारभूत विध्यालयको भवन निर्माण कार्य सम्पन्न भएको छ । साथै जनता आधारभूत विद्यालय सुर्योदय आधारभूत विध्यालय सिद्दशान्ती आधारभूत विध्यालयको घेरवार कार्य सम्पन्न भएको छ ।, COVID-19 का कारण विध्यार्थीहरुलाई भौतिक रुपमा उपस्थित गराइ परिक्षा संचालन गर्न नसकिएको

हुँदा विध्यालयले गरेको आन्तरिक मुल्यांकनको आधारमा परिक्षालाइ व्यवस्थित गराइएको छ ।

- **स्वास्थ्य तर्फ :-**

गाउँपालिकाले स्वास्थ्य सेवा तर्फ प्रयाप्त मात्रामा औषधीको आपुर्ति गरी स्वास्थ्य सेवामा उल्लेखनीय कार्य भएको छ । गाउँ गाउँ घरघरमा स्वास्थ्य कर्मीहरुलाइ पठाइ रोग अनुसारको औषधी वितरण गरिएको छ । यस आर्थिक वर्षमा स्वास्थ्य संस्थावाट टाढा रहेका वस्तीहरुलाइ मध्यनजर गर्दै ३ वटा स्थानमा गाउँघर क्लिनिक, १ वटा खोप क्लिङक, १ स्थानमा आधाभुत स्वास्थ्य इकाइ केन्द्रको निर्माण कार्य सम्पन्न गरी सेवा सुचारु गरिएको छ । स्वास्थ्य कर्मीहरुको क्षमता विकासका लागि सम्पूर्ण स्वास्थ्य कर्मीहरुलाइ वृहत पोषण प्याकेज कार्यक्रम संचालन गरिएको छ । नेपाल सरकारवाट नियमित प्रदान गरिएको गर्भवती उत्प्रेरणा र सुत्केरी यातायात वापतको रकम उपलब्ध गराइदै आएको छ । गर्भवती महिलाहरुको भविष्यमा हुने जोखिमलाइ कम गर्नको लागि प्रत्येक स्वास्थ्य संस्थामा ग्रामीण अल्ट्रासाउण्ड सिविर संचालन भएको छ । गाउँघरमा लुकेर वसेका क्षय रोगीहरुको खोज पडतालको लागि जयपृथ्वीनगर स्वास्थ्य चौकीमा माइस्क्रोपकपी क्याम्प संचालन गरिएको छ । सुत्केरी पश्चात हुने जोखिमलाइ न्युनिकरण गर्नको लागि सुत्केरी हुने महिलाहरुको घरमा गइ ३ पटक **PNC Home Visit** कार्यक्रम संचालनमा ल्याइएको छ । कोभिड महामारीमा अग्र पङ्क्तिमा खटिने स्वास्थ्य कर्मीहरुलाइ गाउँपालिकाले प्रोत्साहन स्वरुप सेवा सुविधा प्रदान गर्दै आइरहेको छ ।

- **COVID-19 व्यवस्थापन तर्फ**

विश्वव्यापी महामारिको रुपमा फैलिएको COVID-19 वाट यो गाउँपालिका प्रभावित भएको छ । यो माहामारी रोगको नियन्त्रणको लागि मातहतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य कर्मीहरुलाइ कोभिड लक्षित औषधी तथा उपकरण उपलब्ध गराइ टोल टोलमा कोभिड १९ संग मिल्दा जुल्दा लक्षणहरुको रोगको निदान, व्यवस्थापन तथा उपचारको लागि घरदैलो सेवा प्रदान गरिको छ । कोभिड १९ को व्यवस्थापनको लागि गाउँपालिकामा २५ सैयाको आइसोलेसन वेडको व्यवस्था गरिएको छ । दोस्रो लहरको कोभिड -१९ को नियन्त्रणको लागि २३४ जनाको पिसिआर, ४१० जनाको एन्टिजेन परीक्षण गर्दा ६४ जनालाइ कोराना पोजेटिभ भइ २ जनाको मृत्यु समेत भइसकेको र ६२ जनाले कोराना जितेर निको भएको अवस्था छ । हाल सम्मको मितिमा कोरोना सक्रिय संक्रमितको संख्या नभएको अवस्था छ ।

- **आयुर्वेद सेवा तर्फ**

आयुर्वेद औषधालयवाट नियमित रुपमा विरामीहरुलाइ चेकजाँच गरी रोग अनुसार उपर्युक्त औषधी वितरण गरी सेवालाई प्राभावकारी वनाइएको छ । यस सेवामा गाउँपालिकावाट प्रयाप्त मात्रामा जडिवुटी जन्य औषधीहरुको आपुर्ती गरी रोग अनुसारको औषधी उपलब्ध गराइएको छ । यस आर्थिक वर्षको स्वकृत वार्षिक कार्यक्रम अनुसार वार्ड नं. ५ को थलारामा नागरिक आरोग्य कार्यक्रम २ पटक संचालन गरी जनताहरुलाइ स्वास्थ्य सेवा प्रदान गरिएको छ । यसैगरी वडा नं. ७ को मजखोरीमा गाउँघर क्लिङक तथा नसर्ने रोग कार्यक्रम अन्तर्गत नागरिकहरुलाइ पटक पटक चेकजाँच गरी निःशुल्क औषधी वितरण गरिएको छ । स्तनपायी महिला  हरुलाइ दुग्धवर्धक औषधी जस्तै सतावरी, जुवानो र जेष्ठ नागरिकहरुलाई वलवर्धक औषधी, अश्वगन्धा चुर्ण, गुडुची चूर्ण आमलकी चूर्ण निशुल्क रुपमा वितरण गरिएको छ । वाथका रोगीहरुको लागि पूर्वकर्म कार्यक्रम अन्तर्गत स्नेहन र स्वेदन सेवा नियमित रुपमा उपलब्ध गराइको छ, साथै गाउँपालिकामा जेष्ठ मसान्त सम्म आयुर्वेदशाखावाट  २००५ जनाले उपचार गरी सेवा प्रदान गरिएको छ ।

- **सामाजिक सुरक्षा तर्फ**

  गाउँपालिकाको ७ वटै वडामा दर्ता शिविर संचालन गर्ने कार्यक्रम रहेकोमा जेठ मसान्त सम्ममा वडा नं. ४,५,६ र ७ मा दर्ता सिविर संचालनको कार्य सम्पन्न भइसकेको, गुनासो सुनुवाइ सम्वन्धी ७ वटै वडाका जनप्रतिनिधि र वडा सचिवहरुलाइ अभिमुखिकरण तालिम प्रदान गरिएको छ । ७ वटै वडाको व्यक्तिगत घटना दर्ताको डिजिटाइजेसनको कार्य सम्पन भइसकेको छ । सामाजिक सुरक्षा भत्तालाई ब्यवस्थित गराउन वडा नं. ४ र ५ मा सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिहरुको वैकंमा खाता खोल्ने कार्य सम्पन्न भएको छ ।

- **उद्योग विकास तर्फ**

  गाउँपालिका स्तरमा उध्यमी सिर्जना गर्नको लागि वडा नं. ३ र ६ मा ७० जनालाइ उध्यमसिलता विकास तालिम प्रदान गरी ७ वटा  लघु उद्यमी समुह गठन गरिएको छ । वडा नं. १ मा होजियारी मेसिन जडान गरी १० जनालाई ४५ दिने होजियारी सिपमुलक तालिम प्रदान गरिएको छ ।

- **खानेपानी तथा सरसफाइ तर्फ**

  गाउँपालिकको एक घर एक धारा नीति अनुरुप जलश्रोत व्यवस्थापन परियोजना र यस गाउँपालिकाको साझेदारीमा संचालित ८ वटा योजनाहरु रहेकोमा वडा नं. १ को माझगाड खानेपानी तथा सरसफाइ योजना, वडा नं. ५ को तिल्याला पारीमेला खानेपानी योजना र सुवाखोला गुदगुदे खतेडा खानेपानी तथा सरसफाइ आयोजना गरी

३ वटा खानेपानी यस आर्थिकवर्षको जेठ मसान्त सम्म सम्पन्न भई सकेका छन भने ३ वटा खानेपानी तथा सरसफाइ आयोजना सम्पन्न हुने क्रममा छन र २ वटा योजनाहरु क्रमागतरुपमा रहेका छन । हाल सम्म एक घर एक धारा नीति अनुरुप ६१७ वटा धारा, सार्वजनिक तथा नीजि धारा ४४७ वटा निर्माण भइ संचालनमा रहेका छन । यसै गरी संस्थागत शौचालय ८ वटा च्याङ जुठ्यान ४५० वटा र सुधारीएको आधुनिक चुलो ६०० वटा निर्माण गरी संचालनमा ल्याएको छ ।

- **पूर्वाधार तर्फ** :- गाउँपालिकामा सुविधा सम्पन्न भवनहरुको निर्माण कार्य सम्पन भइ संचालनमा रहेका छन । यस आर्थिक वर्षको जेष्ठ मसान्त सम्ममा करिव १८ कि.मी. ग्रामीण कच्ची सडकको निर्माण कार्य सम्पन्न हुने अवस्थामा रहेको छ । जस अन्तर्गत व्यासी खतेडा मजखोरी सडक खण्ड, चुलीटिका-कुमडा पर्यटकिय सडक खण्ड तथा ग्रामीण शाखा सडक खण्ड रहेका छन । वडा नं. ५ को वडा कार्यालय भवन सम्पन्न भएको छ र वडा नं. ७ को वडा कार्यालयको भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको छ । गाउँपालिकामा शैक्षिक प्रतिष्ठान भवनको निर्माण कार्य सम्पन्न भइ संचालनमा आएको छ । वडा नं. ३, ४ र ७ को आधारभुत स्वास्थ्य इकाइ केन्द्रको भवन निर्माण भइ संचालनमा आएको छ । सुरक्षित जनता आवास कार्यक्रम अन्तर्गत केहि सम्पन्न र केहि सम्पन्न हुने क्रममा रहेका छ । दान्ना कुटानी पिसानी मिलको निर्माण भइ संचालनमा आएको छ । गाउँपालिका स्तरीय १० सैया अस्पताल निर्माणको लागि वजेटको व्यवस्था भइ टेण्डर प्रक्रियावाट ठेक्का स्वीकृत गरी निर्माण कार्य प्रारम्भिक चरणमा रहेको छ । साथै वडा नं. १ मा प्रहरी चौकी भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ ।

समग्रमा सामाजिक, आर्थिक, पूर्वाधार, विपद व्यवस्थापन, शुसासन तथा संस्थागत विकास, लक्षित वर्गका लागि छुट्याइएको वजेट र शर्शत अनुदानमा प्राप्त रकम कार्यान्वयन भएको छ ।

**अध्यक्ष मोहदय**

अव म आर्थिक वर्ष २०७८।०७९ को लक्ष्य, उदश्ये, र क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

# आ.व. ०७८।०७९ को नीति तथा कार्यक्रम

## लक्ष्य

छविसपाथिभेरा गाउँपालिकामा कोरोना को संक्रमणलाई नियन्त्रण गरी भौतिक पूर्वाधार सहित आर्थिक, समाजिक विकास गरी समृद् गाउँपालिका र सुखि गाउँवासी वनाउने लक्ष्य लिईएको छ।

## उद्धेश्य

१. विभिन्न संक्रामक रोग लगायत सवै प्रकारका रोग र विपदवाट गाउँवासीको जीवन रक्षा गर्दै स्थानीय जनजीवनलाइ सहज र सुरक्षित वनाउने।
२. स्वास्थ्य सेवा र शिक्षालाई गुणस्तरीय वनाइ स्वास्थ्य तथा शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने
३. कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण गरी स्वरोजगार सृजना गर्ने।
४. गाउँपालिका भित्र सडक यातायात लगायत भौतिक पूर्वाधारको विकास गरी जनताको जीवनस्तर सहज वनाउने।
५. उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग गरी विकास को गतिलाइ निरन्तरता दिने।
६. सार्वजनिक सेवालाइ प्रभावकारी वनाइ जनतालाई सुशासनको प्रत्याभुति दिने।
७. लक्षित वर्गको क्षमता अभिवृद्धि गरी लैंगिक तथा सामाजिक समावेसीकरणको विकास गर्ने।
८. वातावरण तथा वनजंगलको संरक्षण गर्ने।
९. जलवायु परिवर्तन न्यूनिकरण गर्न नीतिगत व्यवस्था गर्ने।

## प्राथमिकरण

१. स्वास्थ्य (प्रकोप व्यवस्थापन) सरसफाइ र शिक्षा
२. कृषि तथा पशुपालन क्षेत्रको विकास तथा विस्तार
३. सडक तथा यातायात
४. वनवातावरण तथा विपद व्यवस्थापन
५. प्रभावकारी सेवा प्रभाह र सुशासनमा जोड

## आधारहरु

- ✓ नेपालको संविधान २०७२
- ✓ स्थानीय सरकार संचालन ऐन, २०७४
- ✓ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४
- ✓ राष्ट्रय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४
- ✓ स्थानीय सरकारवाट जारी भएका ऐन,नियमावली, कार्यविधि, निर्देशिकाहरु
- ✓ संघीय र प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापडण्डहरु
- ✓ संघीय सरकारको आ.व. ०७८-०७९ को वजेट वक्तव्य
- ✓ प्रदेश सरकारको आ.व. ०७८/०७९ को वजेट वक्तव्य
- ✓ स्थानीय तहको वार्षिक योजना तथा वजेट दिगदर्शन २०७४
- ✓ पन्ध्रौ योजना
- ✓ दिगो विकास का लक्ष्य

- ✓ उपलब्ध स्रोत तथा साधनहरु
- ✓ जनताका माग तथा आवश्यकताहरु

## दिर्घकालिन नीतिहरु

- ✓ गाउँपालिका क्षेत्र भित्र वसपार्क सडक वत्ती , कवडहल, फराकिलो खेलमैदान, हाटवजार, वृद्धाआश्रम जस्ता क्षेत्रहरुको पहिचान गरी प्राथमिकताको आधारमा योजना वनाइ कार्यान्वयनमा ल्याइने छ ।
- ✓ गाउँपालिकाका सम्पूर्ण वस्तीहरुमा सडक खण्ड निर्माण गरी गाउँपालिका भित्रका सम्पूर्ण नागरिकहरुको यातायातमा सहजता ल्याइने छ।
- ✓ गाउँपालिकालाइ अध्यरो मुक्त गर्न राष्ट्रिय विधुत प्रसारणलाइन लाइ ७ वटै वडामा पुर्याउन पहल गरिने छ ।
- ✓ भाडेवगर देखि गाउँपालिकको भवन हुदै वान्री मष्टा मन्दिर जोड्ने कच्ची सडकलाइ कालोपत्रे गर्ने कार्यलाइ तिव्रता दिइने छ ।
- ✓ खोलामोरा गुरेलथुम हुदै जयपृथ्वीनगर शडकको विकास तथा विस्तार गरिने छ ।

## क्षेत्रगत नीतिहरु

### १. आर्थिक विकास

- ✓ प्रत्येक वडामा कम्तिमा १ वटा वहुउद्धेशिय नर्सरी स्थापना गरी फलफूल तथा तरकारीका विरुवामा आत्मनिर्भर वनाइ निर्यात गर्ने नीति लिएको छ ।
- ✓ उन्नत वीउ मल र प्रविधिको प्रयोग गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरिने नीति लिइएको छ ।
- ✓ मौरीपालन हुने क्षेत्रको पहिचान गरी कार्यक्रम संचालन गरिने र ब्यवसायमा वृद्धि गरिने छ ।
- ✓ गाउँपालिकालाई दाल तथा गेडागुडीमा आत्मनिर्भर वनाउने कार्यक्रम संचालन गरिने छ ।
- ✓ कृषिको आधुनिकीकरण गर्नका लागि हाते ट्याक्टर, थ्रेसर लगायतका उपकरणहरु कृषकलाइ अनुदानमा वितरण गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
- ✓ कृषकहरुलाई आलु उत्पादन, भण्डारण, वजारिकरण र प्रवर्द्धनमा अनुदानको व्यवस्था गरिने छ ।
- ✓ माटो अनुसारको वाली लगाई कृषकहरुको उत्पादनमा वृद्धि गरी आय आर्जन गर्न प्रत्येक वर्ष माटो परीक्षण शिविरको कार्यक्रम संचालन गरिने छ ।
- ✓ वालीनालीमा लाग्ने रोग किराहरुको पहिचान गरी सोको रोकथाम तथा नियन्त्रणको लागि कार्यक्रम संचालन गरिने छ ।
- ✓ वोटविरुवाहरुमा लाग्न सक्ने फौजी किराहरुको (सलह) सम्भावित आक्रमणवाट वच्नको लागि आवश्यक औषधि लगायतका सामाग्रीहरु खरिद गर्न आवश्यक पर्ने वजेटको व्यवस्था गरिने छ ।
- ✓ गाउँपालिकाको उपयुक्त स्थानमा कपास खेती, वदाम खेती, कुरिलो र तोरीखेतिको विस्तार गरी साना उध्योगहरु स्थापना गर्न आधार तयार पार्ने नीति लिएको छ ।
- ✓ कृषिमा आधारित साना तथा घरेलु उद्योगहरुको स्थापना गरी वैदेशिक रोजगारवाट फर्कीएका युवाहरुलाई आत्मनिर्भर वनाउने कार्यक्रमरु संचालन गरिने छ ।
- ✓ माछापालन हुन सक्ने क्षेत्रहरुको पहिचान गरी कृषकहरुलाई माछापालन गर्न प्रोत्साहन गरिने छ ।
- ✓ कृतिम तथा प्राकृतिक गर्भाधानमा जोड दिइ पशुको नस्ल सुधार गर्ने र गाउँपालिकामा दुध मासु र अण्डाको उत्पादन वृद्धि गरी मासु तथा दुग्धजन्य वस्तुमा गाउँपालिकालाई आत्मनिर्भर वनाइने छ ।
- ✓ विभिन्न संक्रामक रोग विरुद्ध पशुपंक्षीहरुलाई समय समयमा खोप तथा औषधीको व्यवस्था गरी पशुपंक्षीमा देखिने रोगहरुको न्यूनिकरण गरी पशुपंक्षी जन्य उत्पादन वढाउने नीति लिइने छ ।

- ✓ पशुपालन हुने वडाहरुमा वहुवर्षे डाले घाँसको विकास गरी पशुपंक्षीमा हुने जोखिमको न्युनिकरण गरिने छ ।
- ✓ पशुपालन व्यवसायलाइ विस्तार गर्न  उन्नत जातका वोका, वाख्रा जस्ता व्ययवसायलाई प्राथमिकता दिइने छ ।
- ✓ फलफूल खेतीमा व्यवसायीकरण गर्नका लागि एक घरमा एउटै किसिमका कम्तिमा ५० वटा फलफूलका विरुवा लगाउन प्रोत्साहन गरिने छ ।
- ✓ कृषकहरुले उत्पादन गरेको तरकारी वजार सम्म पुर्याउन ढुवानीमा अनुदान दिने र थोक विक्रेताका लागि ग्राहाकको पहिचान गरी सहजिकरण गरिने छ ।
- ✓ एक वस्ती एक उत्पादन कार्यक्रम संचालन गर्न सम्भावित वाली वस्तुको लागि सम्भावित वस्तीको पहिचान गरी कार्यक्रम संचालन गरिने छ ।
- ✓ सहकारी र कृषक समूहवाट सामुहिक तथा व्यवसायिक खेती  गरी समूहको आय स्तर माथि उकास्ने नीति लिइने छ ।
- ✓ खेतीयोग्य उर्वर भूमीमा सिंचाइको सुविधा पुर्याउनका लागि आवश्यक पहल कदम गरिने छ ।
- ✓ प्रत्येक वडामा नया उद्यमी सृजना गर्ने र उद्यमीको स्तरउन्नती गर्दै लैजाने नीति लिएको छ ।
- ✓ पर्यटन विकासका लागि विभिन्न धार्मीक सांस्कृतिक क्षेत्रहरुको प्रचार प्रसार गरिने छ ।
- ✓ लघु तथा साना घरेलु उद्योग स्थापना तथा संचालनार्थ दर्ता प्रक्रिया सहज गरी अनुदान उपलब्ध गराइने व्यवस्था मिलाइने छ ।
- ✓ गाउँपालिका भित्र रहेका उद्योग व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो उद्योग गाउँपालिकामा दर्ता गराइ प्रामाणपत्र प्रदान गरिने छ साथै सो व्यवसायीलाई करको दायरामा ल्याइने  छ ।
- ✓ गाउँपालिका भित्र रहेका वेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरी मेडपा मोडेलमा रहि केहि वेरोजगार युवाहरुलाइ सिपविकास तालिम संचालन गरिने छ ।
- ✓ उतकृष्ट युवा उद्यमीहरुलाइ प्रोत्साहनको लागि गाउँपालिकावाट आवश्यक सहयोग तथा सम्मान गरिने छ ।
- ✓ स्थानीय उत्पादनलाइ प्राथमिकताका साथ राखि सोको वजारीकरणका लागि मेडपा कार्यक्रम मार्फत आवश्यक सहयोग गरिने छ ।
- ✓ गाउँपालिका भित्र उपलब्ध खनिज पदार्थ तथा खानीको खोज अनुसन्धान गरी उत्खननलाई प्राथमिकता दिइने नीति लिएको छ ।
- ✓ स्वच्छ व्यक्ति स्वच्छ आहर, आयुर्वेद जीवनको आधार मानी जडीवुटीको उत्पादन वृद्धि गरी आयआर्जन वढाउने नीति लिएको छ ।
- ✓ सहकारीको मुल्य मान्यता अनुरुप आपसमा सहकार्य तथा आयआर्जन गरी गरिवी न्युनिकरण गर्न गाउँपालिकाले आवश्यक नीति तथा कानुन वनाइ कार्यान्वयन गरिने छ ।
- ✓ प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाको क्षेत्र विस्तार गरी पकेटलाइ व्लक, ब्लकलाइ जोनमा परिणत गर्न व्यवसायिक उत्पादन र व्यवसायीकरणमा विशेष अनुदानको व्यवस्थालाइ निरन्तरता दिइएको छ ।
- ✓ संघीय सरकार वाट प्रधान मन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा आए संगै यस गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सहयोग पुग्ने गरी वजेट विनियोजन गर्ने नीति लिएको छ ।
- ✓ युवा लक्षित कार्यक्रमलाइ विशेष जोड दिइने छ ।
- ✓ कृषि व्यवसायमा संलग्न उत्कृष्ट कृषकरु छनौट गरी समयानुकुल तालिम, भ्रमणको अवसर प्रदान गर्ने र पुरुस्कृत गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।

- ✓ सम्भावित क्षेत्रको पहिचान गरी गाउँपालिकामा एउटा कृषि पकेट क्षेत्रको विकासलाई निरन्तरता दिइने छ ।
- ✓ अल्लो भाग्रो प्रसस्त उत्पादन हुने वडाहरुमा अल्लो भाग्रो प्रशोधन केन्द्रको स्थापना गरी घरेलु उत्पादनलाई प्रोत्साहन गरेर रोजगारीमा वृद्धि गर्ने नीति लिएको छ ।
- ✓ वाझो रहेका जग्गालाई खेति योग्य वनाउन कृषिकहरुलाइ प्रोत्साहन गरिने छ ।
- ✓ परम्परागत पेशागत सिपलाई आधुनिकिकरण गर्दै सिप विकास क्षमता अभिवृद्धि गरिने छ ।

## २. सामाजिक विकास

- ➢ यस गाँउपालिका भरि रहेका ५ वटा स्वास्थ्य चौकी २ वटा आधारभुत स्वास्थ्य केन्द्र १ वटा सामुदायिक स्वास्थ्य एकाइ र ८ वटा बर्थिङ सेन्टरको लागि आवश्यक पर्ने अत्यावश्यक औषधि तथा स्वास्थ्य सामाग्रहरुको ब्यबस्था गरिनेछ ।
- ➢ समुदायको बस्ति भन्दा टाढा रहेका बस्तिहरु वडा नं. ३ अन्तर्गतको कुमडा,नाउलीगडा,वाहुनडाडा वडा नं ७ खन्तर्गतको बुडखोरी, वडा नं २ अन्तर्गतको दय मा गाँउघर क्लिनिक तथा खोप क्लिनिक भवनहरुको निर्माण गरि सेवालाइ निरन्तरता दिइनेछ ।
- ➢ बालबालिकाहरुको नैशर्गिक् अधिकार अन्तर्गत रहेको खोप लाइ पुरा गराइ पुर्ण खोप दिगोपना लाइ निरन्तरता गरिनेछ ।
- ➢ यस गाँउपालिका अन्तर्गत रहेको स्वास्थ्य चौकीको पहुच भन्दा टाढा रहेका बस्तिहरुमा सुरक्षित मातृत्व कार्यक्रमहरुलाइ थप प्रभावकारी बनाउनका लागि गर्भवति भेला तथा सम्मान कार्यक्रम ग्रामीण अल्ट्रा साउण्ड कार्यक्रम संचालन गरिनेछ ।

- ➢ प्रत्येक महिना हरेक वडामा खोप क्लिनिक संचालन गरि सबै बालबालिकाहरुलाइ पुर्ण खोप लगाइ पुर्ण खोप सुनिश्चतता लाइ निरन्तरता दिइने छ ।
- ➢ बिभिन्न खोपको मात्रालाइ खेर जाने दर उच्च रहको हुदा यस गाँउपालिका अन्तर्गत रहेको कोट चौघानपाटा स्वास्थ्य चौकीमा कोल्ड चेन ब्यबस्थापनको लागि **सोलार र ILR** फ्रिजको ब्यबस्था गरिनेछ ।
- ➢ बिभिन्न स्थानमा खोप भवनहरुको निर्माण गरिनेछ ।
- ➢ गाँउपालिका भरी रहेका ५ वटा स्वास्थ्य चौकी, २ वटा आधारभुत स्वास्थ्य एकाइ, १ वटा सामुदायिक स्वास्थ्य एकाइ र २ वटा बर्थिङ सेन्टर बाट २४ घण्टे प्रसुति सेवालाइ निरन्तरता र थप सुबिधा गर्नको लागि आवश्यक बजेटको ब्यबस्था गरिनेछ ।
  - ➢ सम्पुर्ण स्वास्थ्य संस्थामा गर्भवति क्यालेण्डर निर्माण गरि सोही अनुसार कम्तिमा ४ पटक गर्भ जाँच गराइनेछ ।साथै प्रसुति निमन्त्रणा कार्यक्रम संचालन गर्न आवश्यक बजेटको ब्यबस्था गरिनेछ ।
  - ➢ प्रत्येक स्वास्थ्य संस्थामा कम्ति ३ महिनाको १ चोटी गर्भवति भेला तथा सम्मान कार्यक्रमलाइ संचालन गर्न बजेटको ब्यबस्था गरिनेछ ।
  - ➢ सुचिकृत स्वास्थ्य संस्थामा प्रसुति सेवा गराए बाफत सम्बन्धित महिलाले पाउने यातायत खर्च र न्यानो झोला बितरण कार्यलाइ निरन्तरता दिईनेछ ।

- गर्भवतिहरुको गर्भ जाचँ गर्नका लागि प्रत्येक गर्भवति महिलालाइ ग्रामीण अल्टासाउण्ड शिबिर संचालन गर्नका लागि गाँउपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थामा २ महिनामा १ चोटी ग्रामीण अल्ट्रासाउण्ड शिबिर संचालन गर्नका लागि आवश्यक बजेटको ब्यबस्था गरिनेछ ।
- गर्भवति महिलाहरुलाइ पोषण कोशेली स्वरुप पोषण खाध्य सामाग्री बितरण गरिनेछ ।

- परिवार नियोजनका साधनहरुको अभाव नहुने गरि नियमित रुपमा आपुर्ति गर्ने ब्यबस्था गरिनेछ ।
- कोभिड-१९ का कारण परिवार नियोजनका साधनहरु उपयोग गर्न असजिलो हुने हुदा इम्प्लान्ट IUCD क्याम्प कम्तिमा १ संस्थामा ४ महिनाको १ चोटी र स्थायी बन्ध्याकरण गर्नका लागि गाँउपालिकामा २ चोटी शिविर संचालन गर्नका लागि आवश्यक बजेटको ब्यबस्था गरिनेछ ।
- परिवार नियोजन सेवा बारे वडा स्तरमा कम्तिमा ३ महिनाको एक पटक प्रजनन उमेरका ब्यक्तिहरुको उपस्थितिमा अन्तर्कृया कार्यक्रम संचालन गरिनेछ ।
- परिवार नियोजनलाइ प्रभावकारी रुपमा संचालन गर्नका लागि प्रत्येक संस्थामा १/१ जना स्वास्थ्यकर्मीहरुलाइ IUCD ,Implant सम्बन्धि तालिमको लागि बजेटको ब्यबस्था गरिनेछ ।
  - गाँउपालिका अन्तर्गतका महिला स्वास्थ्य स्वयं सेबिकाहरुलाइ थप प्रोत्साहन गर्नका लागि मासिक रुपमा प्रोत्साहन भत्ताको ब्यबस्था गरिनेछ ।
  - ६० बर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वंय सेबिकालाइ सम्मानजनक बिदाइ गर्नका लागि आवश्यक बजेटको ब्यबस्था गरिनेछ ।
    - ५ बर्ष मुनिका न्युन कुपोषित बावबालिकाहरुको बृदि अनुगमन गरि कुपोषणको अवस्था अनुसारको परामर्श पोषण कोशेली तथा उपचारको ब्यबस्थापन गरि कुपोषणको अवस्थालाइ शुन्यमा ल्याइनेछ ।
    - लेकगाँउ स्वास्थ्य चौकीमा संचालनमा रहेको OTC सेन्टरलाइ थप बिस्तार गर्नका लागि बजेटको ब्यबस्था गरिनेछ ।
    - गाँउपालिका अन्तर्गत रहेको कोट चौघानपाटा स्वास्थ्य चौकीमा थप नया OTC सेन्टरको ब्यबस्थापन गरिनेछ ।
    - यस गाँउपालिकाको प्रत्येक वडामा कम्तिमा एक पोषण नमुना टोल घोषणा गर्न बहुक्षेत्रिय पोषण योजना अन्तर्गत बिषयगत शाँखा सग समन्वय गरि पोषण नमुना टोल घोषणा गरिनेछ ।
    - २ बर्ष मुनिका बालबालिकाहरुले कम्तिमा ११ चोटी बृदि अनुगमन गराउनका लागि बिभिन्न सचेतनामुलक कृयाकलापहरु संचालन गरिनेछ ।
    - पोषण सम्बन्धि बिभिन्न सेवाहरु प्रदान गर्नका लागि आवश्यक पर्ने सामाग्रीहरुको नियमित रुपमा उपलब्धता हुने ब्यबस्था मिलाइनेछ ।

- गाँउपालिकामा कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्नका लागि २५ शैया सम्मको अक्सिजन सहितको आइसोलेशन केन्द्रको स्थापना गरिनेछ ।
- कोरोना संक्रमणलाइ थप माहामारीको रुपमा फैलिन नदिनका लागि आवश्यक पर्ने कोभिड सम्बन्धी अत्यावश्यक औषधि तथा ब्यक्तिगत सुरक्षाका सामाग्रीहरुको ब्यबस्था गरिने छ ।
- स्वास्थ्य संस्थामा रहेका प्रयोगशालाहरु लाइ थप बिस्तार गर्नको लागि थप बजेटको ब्यबस्था गरिनेछ ।

- कोरोना नियन्त्रणका लागि खटिएका स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वंयसेबिकाह्रुलाइ काममा खटिएको अबधिको आवश्यक प्रोत्साहन भत्ताको ब्यबस्था गरिनेछ ।
- स्वास्थ्य चौकी आधारभुत स्वास्थ्य एकाइ र सामुदायिक स्वास्थ्य इकाइमा आवश्यक पर्ने अत्यावश्यक औषधिह्रुको नियमित रुपमा आपुर्तिका लागि बजेटको ब्यबस्था गरिएको छ ।
- नियमित रुपमा स्वास्थ्य सेवाह्रु संचालन गर्न गाँउपालिका अन्तर्गतका ५ बटै स्वास्थ्य चौकीह्रुको भौतिक पुर्वाधार र बत्तीको लागि सोलारको ब्यबस्था गरिने छ ।
- यस गाँउपालिका अन्तर्गत रहेका स्वास्थ्य चौकीह्रुमा आवश्यकता र बिरामीको अवस्था हेरी स्थायी बन्ध्याकरण शिबिर, आखाँ शिबिर ,दन्त शिबिर र महिलाह्रुको आङ खस्ने जस्ता रोगह्रुको न्युनिकरणका लागि बिभिन्न स्थानमा शिबिरह्रु संचालन गरिनेछ ।
- गाँउपालिका अन्तर्गत रहेका बिभिन्न बस्तिमा बसोबास गर्ने जेष्ठ नागरिकह्रुको नियमित चेकजाँच गर्नका लागि घरदैलो जेष्ठ नागरिक उपचार शिबिर २ पटक संचालन गर्नको लागि आवश्यक बजेटको ब्यबस्था गरिनेछ ।
- गुणस्तरिय स्वास्थ्य सेवाको लागि भौतिक पुर्वाधारको मर्मत र संभारको लागि आवश्यक बजेटको ब्यबस्था गरिनेछ ।
- आधारभु स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीह्रुको सेवासुविधा तथा पारिश्रमिक आ.व. ०७८/७९ को शसर्त वजेटमा प्राप्त नभएको हुँदा सम्वन्धित निकायमा पहल गरिने छ ।

  - ✓ मुटुरोग, मृगौला रोग, एच.आई.भी. एड्स , क्यान्सर जस्ता दिर्घ रोग लागेका व्यक्तिहरुलाई विगतमा झै दिईदै आएको आर्थिक अनुदानलाई निरन्तरता दिइनेछ ।
  - ✓ जेष्ठनागरिकहरुको मनोवललाई उच्च राख्न तथा सम्मान गर्नको लागि सवै वडाहरुमा जेष्ठनागरिक सम्मान कार्यक्रम संचालन गरिने छ ।
  - ✓ जेष्ठ नागरिक तथा स्तनपायी महिलाहरुको स्वास्थ्य संरक्षण तथा प्रर्वद्धन, उपयुक्त आयुर्वेदिक औषधीको माध्यमवाट गरिनेछ ।
  - ✓ पूर्वकर्म (स्नेहन र स्वेदन) कार्यलाई थप प्रभावकारी वनाइने छ ।
  - ✓ लक्षित वर्ग अपांग, महिला, दलित, वालवालिका, जेष्ठनागरिक, विपन्न, जनजाती तथा पिछडिएको वर्गको सशक्तिकरणको लागि विशेष कार्यक्रमहरु संचालनमा ल्याइने छ ।
  - ✓ गाउँपालिकालाई छुवाछुत मुक्त गाउँपालिका वनाइने छ ।
  - ✓ गाउँपालिकालाइ छाउगोठ मुक्त गाउँलिका घोषणा गरिनेछ ।
  - ✓ घरेलु हिंसा अन्यका लागि वहस, परैवी तथा चेतनामुलक अभियान चलाउन आवश्यक वजेटको व्यवस्था गरिएको छ ।
  - ✓ सामाजिक धार्मिक, सास्कृतिक कुरीति विरुद्धको अभियानलाइ अझै सशक्त वनाइने छ ।
  - ✓ छविसपाथिभेरा गाउँपालिकालाई पूर्ण खोप मुक्त गाउँपालिका घोषणा गर्दै लैजाने नीतिलाइ अवलम्वन गरिदै लगिने छ ।
  - ✓ कोरोना विरुद्ध लड्न सक्ने, मानिसको प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने खालका जडिवुटीहरुको खोज अनुसन्धान गरी सोको प्रयोगदर वढाइने छ ।
  - ✓ जेष्ठनागरिकको उपचारको लागि घरदैलो कार्यक्रम संचालन गरिने छ ।
  - ✓ आयुर्वेद उपचार पद्धतिलाई निरन्तरता दिइने छ र आयुर्वेद शाखामा औषधि आपुर्तिको व्यवस्था मिलाइने छ ।

- ✓ यस गाउँपालिकाको ७ वटै वडाहरुमा एक पटक निशुल्क आयुर्वेद स्वास्थ्य शिविर संचालन गरिने छ ।
- ✓ योग तथा प्राकृतिक उपचारको वारेमा जनचेतना मुलक कार्यक्रम तथा योग शिविरको कार्यक्रम संचालन गरिने छ ।
- ✓ स्थानीय स्तरमा पाइने जडिवुटीहरुको संकलन तथा प्रशोधन गरी औषधि निर्माण गर्ने वारे छलफल तथा अध्ययन अगाढी वढाइने छ ।

- ✓ कोरोना भाइरस ( COVID-19) का कारणले विगत २ शैक्षिक सत्र देखि अवरुद्व बनेको शैक्षिक क्षेत्रलाई नियमित रुपमा सुचारु गर्न जनचेतनामूलक कार्यक्रम, भौतिक संरचनाको सुदृढीकरण, शिक्षालाई प्रविधि संग जोड्न विद्यालयहरुमा इन्टरनेट जडानका लागि पहल गरिने छ ।
- ✓ प्रारम्भिक वाल कक्षामा अध्ययनरत बालबालिकाहरुको शारीरिक, मानसिक, बौद्विक विकासलाई मध्यनेजर गरि विद्यालयहरुमा सुरक्षित बसाई ब्यवस्थापन, शैक्षिक सामाग्री ब्यबस्थापन गर्नुका साथै अभिभावकहरुलाई जिम्मेवार बनाउन अभिभावकहरु संग छलफलका कार्यक्रम संचालन गरिने छ ।
- ✓ गाउँपालिका अन्तर्गत संचालित विद्यालयहरुको नक्साङ्कन, शिक्षक विद्यार्थी अनुपात, तहगत संरचना, शैक्षिक गुणस्तर समेत अध्ययन गरि विद्यालय समायोजन, एकीकरण, कक्षा थप , घटुवा तथा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलानको कार्य गरिनेछ ।
- ✓ गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा शिक्षकहरुको पेशागत क्षमता अभिबृद्धि लागि तालिम, विद्यालयको भौतिक संरचनामा सुधार, शैक्षिक तथा प्रशासनिक ब्यवस्थापनका माध्यमद्बारा गुणस्तरीय शिक्षाका लागि अत्याबश्यक कार्यक्रमहरु संचालन गरिने।
- ✓ विद्यालयहरुले प्रयोगमा ल्याएका असल अभ्यासका कार्यक्रमहरुलाई एक आपसमा आदानप्रदान गर्न गराउन प्रोत्साहित गरिने छ। साथै शैक्षिक अनुभव आदानप्रदानका लागि अन्तर विद्यालय, अन्तरपालिका र अन्तर जिल्ला शैक्षिक अवलोकन भ्रमणका कार्यक्रमहरु संचालन गरि प्रतिस्पर्धी गुरणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण सृजना गरिने छ।
- ✓ संस्थागत विद्यालयहरुको नियमित अनुगमन, निरिक्षण गरि शैक्षिक मापदण्ड अनुरुप संचालनमा ल्याइने छ ।
- ✓ अति विपन्न परिवारका बालवालिकाहरुलाई शैक्षिक सामाग्री तथा पोशाकको ब्यवस्थापनमा सहयोग गरिने छ ।
- ✓ विद्यालय उमेर समुहका कुनै पनि वालबालिका विद्यालय वाहिर नरहुन भन्नका लागि विद्यालय भर्ना अभियान २०७८ संचालन गरि आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गरिने छ ।
- ✓ स्थानीय जनशक्ति तथा विशेषज्ञहरुको प्रयोग गरि स्थानीय भाषा परिवेश सुहाउँदो स्थानीय पाठ्यक्रम निर्माण गरि शै.स. २०७९ मा कक्षा १ मा लागु गरि क्रमस: कक्षा ८ सम्म पुर्याइने छ।
- ✓ विद्यालयहरुमा महिनावारी स्वच्छता तथा सरसफाईका लागि छात्राहरुलाई स्यानेटरी प्याड निर्माण गर्न तालिमाका कार्यक्रम संचालन गर्नुका साथै निशुल्क स्यानेटरी प्याडको वितरण गरिने छ।

- ✓ विद्यार्थीको शारीरिक, मानसिक, संवेगात्मक विकास तथा विद्यालयमा विद्यार्थी टिकाई राख्न कक्षा १-५ सम्मका सम्पूर्ण विद्यार्थीहरुलाई निशुल्क दिवा खाजाको ब्यवस्था गरिने छ। साथै खाजाको नियमितता र गुणस्तरीयताको निरन्तर अनुगमनको ब्यवस्था गरिने छ ।
- ✓ पोषण कार्यक्रमलाई प्रभाबकारी रुपमा संचालन गर्न बहुक्षेत्रीय पोषण योजना अन्तर्गतका क्षेत्रगत कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।
- ✓ अध्ययनमा युवाहरुको रुची जगाउन छविसपाथिभेरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा सुविधासम्पन्न लाइब्रेरी, E-Library निर्माण गरि Free WIFI को समेत ब्यवस्था गरिने छ।
- ✓ खेलकुदका माध्यमबाट विद्यार्थीको सर्बाङ्गिण विकासका लागि गाउँपालिकास्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइने छ ।
- ✓ खेलकुद क्षेत्रको विकासका लागि गाउँपालिकामा सुविधासम्पन्न कवर्ड हलको नर्माण तथा प्रत्येक वडाको कम्तिमा एउटा विद्यालयमा खेल मैदान र अन्य पूर्वाधारहरुको विकास गर्न पहल गरिने छ।
- ✓ तीन/तीन महिनाको अन्तरालमा विद्यालय स्तरीय खेलकुदका प्रतियोगिताहरु संचालन गरिने छ। विद्यालयस्तरीय खेलकुदका प्रतियोगिताहरुमा उत्कृष्ट खेलाडिहरुलाई थप तालिम तथा प्रशिक्षणको ब्यवस्था मिलाई जिल्लास्तरीय, क्षेत्रीय,र राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा सहभागिताको लागि प्रोत्साहन गरिने छ ।
- ✓ विद्यालयहरुमा विभिन्न खेलको अभ्यासका लागि खेलकुदका सामग्रीहरु वितरण गर्ने नीति अवलम्बन गरिने छ ।
  - ✓ खानेपानी सरसफाइ तथा स्वच्छता र जीविको पार्जन सुधार तर्फ "गुणस्तरीय र दिगो खानेपानीको आवश्यकता, पूर्ण सरसफाइ छाउगोठ मुक्त स्वच्छता छविसपाथिभेराको प्रतिवद्धता" भन्ने नारालाई ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना मार्फत कार्यान्वयन गरी उपलब्धी हासिल गरिने छ ।
    - ✓ मदिरा उत्पादन र उपभोगमा नियन्त्रण गरिने छ र विक्रि वितरणमा पनि निश्चिच मापडण्ड अवलम्वन गरिने छ ।

## ३. पूर्वाधार विकास

- ✓ गाउँपालिकाको भौतिक पूर्वाधार विकासको लागि विभिन्न साझेदारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरिने छ ।
- ✓ गाउँपालिकाको विगत देखि क्रमागत रुपमा रहेका सडक खण्डलाई निरन्तरता दिदै सडकको स्तरोन्नति गर्नुको साथै गाउँपालिका भित्र सडक नपुगेका प्रत्येक वस्तीहरुमा सडक पुर्याइ यातायातमा सहजता ल्याउने नीति लिइएको छ ।
- ✓ गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न शाखा सडकहरुलाई फराकिलो वनाउने तथा मर्मत सम्भार गर्न आवश्यक वजेटको व्यवस्था गरीनेछ ।
- ✓ अधुरा रहेका योजनाहरुलाई सम्पन्न गर्न आवश्यक वजेटको व्यवस्था गरिने छ ।
- ✓ खानेपानीको दिगो व्यवस्थापनको लागि गाउँपालिकाले लिएको एक घर एक धारा नीतिलाई ७ वटै वडामा लागु गरिने छ ।
- ✓ कृषि योग्य भुमीमा सिंचाइ, कुलो निर्माण तथा मर्मत संभार गरी कृषिको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न जोड दिइने छ ।

- ✓ गाउँपालिकाको प्रशासकीय भवन र भवन नभएका वडा कार्यालयको  भवन निर्माणको लागि आवश्यक पहल गरिने छ ।
- ✓ सवै वस्तीमा खानेपानीको सुविधा पुर्याइने र ढल निकासको व्यवस्था गरिनेछ ।
- ✓ उपयुक्त स्थानमा एउटा आधुनिक र व्यवस्थित पशु वधशाला संचालनमा ल्याइने नीति लिएको छ ।
- ✓ सवै किसिमका सार्वजनिक पूर्वाधारहरु वालमैत्री, लैंगिक मैत्री, अपांगमैत्री र वातावरणमैत्री मापडण्डका आधारमा मात्र निर्माण गरिने नीति लिएको छ ।
- ✓ सडकको छेउछाउमा वृक्षारोपण गर्ने नीति अवलम्वन गरिने छ ।
- ✓ वैकल्पिक उर्जाका विभिन्न प्रविधिहरुको प्रयोग र विस्तारमा जोड दिइने छ ।
- ✓ भवन संहिता, नक्सापास र भवन निर्माण गर्ने प्रविधिको विकास गरिने छ ।
- ✓ स्थानीय भाषामा प्रकासित पत्रपत्रिका र संचालित एफ.एम रेडियोहरुलाई प्रोत्साहन गरिने नीति अवलम्वन गरिने छ ।
- ✓ गाउँपालिकामा संचालित लघु तथा साना जलविधुत आयोजनाहरुको मर्मत संभार तथा संरक्षण गर्ने नीति लिइएको छ ।
- ✓ गाउँपालिका क्षेत्र भित्र पर्यटनको पहुँच पुर्याउन यस क्षेत्र भित्र रहेका पर्यटकिय स्थल, धार्मिक तथा सांस्कृतिक स्थल, मठमन्दिर निर्माण गर्ने तथा संरक्षणको लागि  आवश्यक पहल गरिने छ ।
- ✓ नेपाल सरकारको आगामी तीनवर्ष भित्र सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष्य नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समता मूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी पद्धति अपनाई सेवा प्रदान गर्न गाउँपालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापना गरी सो मातहत वास युनिट मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।
- ✓ नेपाल सरकारको पूर्ण सरसफाइ निर्देशिका २०७५ एवम् गाउँपालिकाको वि.सं २०८०  भित्र गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त एवम् छाउगोठ मुक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य बमोजिम गाउँपालिका भित्रका समुदायलाई पूर्ण सरसफाइ उन्मुख तथा विद्यालयहरुलाई तीन तारा पद्धतिमा विकास गर्न एवम् कोभिड १९ जस्ता महामारी र पानीजन्य रोगहरुबाट बच्न वडा तथा समुदायस्तरमा पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ । विभिन्न पानीजन्य रोगहरुबाट उत्पन्न हुन सक्ने महामारीहरुबाट सुरक्षित रहन स्रोत एवम् घरायसी स्तरमा पानीको गुणस्तर परिक्षणको व्यवस्था मिलाइनेछ ।
- ✓ खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, घरबारी व्यवस्थापन तथा व्यवसायिक जिविकोपार्जन प्रवर्द्धन कार्यको लागि स्थानीय स्तरमा प्राविधिक स्रोत व्यक्ति उत्पादन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## ४. वन वातावरण तथा विपद व्यवस्थापन

- ✓ फोहरमैला व्यवस्थापन र वातावरण संरक्षण गर्न छविसपाथिभेरा गाउँपालिकाको ७ वटै वडाहरुको प्रत्येक टोल टोलमा कम्तिमा ५ जना भन्दा वढी सदस्यहरु रहने गरी वातावरण संरक्षण टोल विकास समिति गठन गरिने छ ।

- ✓ छविसपाथिभेरा गाउँपालिकाको अति जोखिमाका आधारमा वस्तीहरुको वर्गिकरण गरी व्यवस्थित गर्नको लागि यसै आ.व. देखि नै सम्वेदनशिल भू-उपयोग योजना वनाइ क्रमश: कार्यान्वयनमा ल्याइने छ ।
- ✓ वाढीपहिरो भु-क्षय तथा महत्वपूर्ण जडीवुटीको संरक्षण गर्न छाडा चरन, जथाभावी फडानी, वन अतिक्रमण जस्ता क्रियाकलापहरु रोकी वनजंगल संरक्षण र सम्वर्द्धन गर्न वनजंगलको घेरवार तथा संरक्षण गर्दै लगिने छ ।
- ✓ विपद जोखिम क्षेत्र र वस्तीहरुको संकटासन्नताको पहिचान र नंक्सांकन गरिने छ ।
- ✓ असुरक्षित र अव्यवस्थित वस्तीहरुको पहिचान गरी सुरक्षित स्थानमा स्तानान्तरण र व्यवस्थापन गर्दै लगिने छ ।
- ✓ यस गाउँपालिका क्षेत्र भित्र वासोवास गर्ने भुमिहिन सुकुमवासीहरु तथा हलिया खलियाहरुको लगत तयार गरी तिनीहरुको उचित व्यवस्थापन गर्ने तर्फ पहल गरिने छ ।
- ✓ हरेक वस्तीमा फोहरमैलाको उचित व्यवस्थापन गरिने छ ।
- ✓ पानीका मुहानहरुको अभिलेख राखि सो स्रोतको दिगो संरक्षण गरिने छ ।
- ✓ वातावरण तथा सरसफाइ कार्यक्रम संचालन गरी वातावरण तथा जलवायु परिवर्तन वारे जनचेतना अभिवृद्धि गराइने छ ।
- ✓ भु-क्षय भएका स्थानहरुमा स्थानीय जनताको सहकार्यमा वृक्षारोपण गर्ने र सो को संरक्षण गरिने छ ।
- ✓ भू-क्षय तथा जलउत्पन्न प्रकोपवाट हुन सक्ने क्षतीलाई न्युनिकरण गर्न आवश्यक तटवन्धनको व्यवस्था गरिने छ ।
- ✓ सडक तथा अन्य पूर्वाधार निर्माण गर्दा विपद जोखिम न्युनिकरणका उपायहरु अवलम्वन गरी विकास र विपद व्यवस्थापनलाई एकिकृत ढंगले अगाडि वढाइने छ ।
- ✓ सामुदायिक वन पैदावरको उत्पादन, उपभोग, प्रशोधन विषयमा अध्ययन गरी वन स्रोतमा आधारित व्यवसाय मुलक र उद्यम मुलक वन वनाउन प्रोत्साहन गरिने छ ।
- ✓ विपद व्यवस्थापनको लागि आवश्यक खाद्यान्न, लत्ता कपडा, अन्य आवश्यक सामाग्रीहरुको भण्डारण गर्ने कार्यलाई प्राथमिकता दिइ कार्यान्वयन गरिने छ ।
- ✓ प्रत्येक वडामा विपद पूर्व, विपद कालिन र विपद पछिका कार्य व्यवस्थापन गर्न विपद व्यवस्थापन कोषलाइ निरन्तरता दिइने छ र यस क्षेत्र भित्रका नागरिकहरुलाई रोगको महामारीवाट वचाउन तथा रोगको रोगथाम गर्ने कार्यको लागि स्थापना भएको प्रकोप व्यवस्थापन कोषमा वजेट विनियोजन गरिने कार्यलाइ निरन्तरता दिईएको छ ।

## ५. सुशासन तथा संस्थागत विकास

- ✓ छविसपाथिभेरा गाउँपालिकको संस्थागत क्षमता अभिवृद्धि(स्थानीय तहको स्वमुल्यांकन) गर्नको लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ ।
- ✓ छविसपाथिभेरा गाउँपालिकामा स्वीकृत दरवन्दीमा कार्यरत अस्थायी तथा करार कर्मचारीहरुको हितलाइ ध्यानमा राखि कर्मचारी कल्याण कोषको व्यवस्था गरी आवश्यक रकम विनियोजन गरिएको छ ।
- ✓ आ.व. २०७८/०७९ को श्रावण महिना देखिनै दरवन्दीमा करारमा कार्यरत प्रत्येक कर्मचारीहरुले खाइपाइ आएको मासिक तलववाट १०% रकम कट्टा गरी सो रकम वारावरले हुन आउने रकम थप गरी कोषमा जम्मा गरिने र अवकास हुँदा सो रकम उपलब्ध गराइने छ । कल्याणकोषको रकम अन्य प्रयोजनका लागि खर्च गरिने छैन ।

- ✓ गाउँपालिका अन्तर्गतका आयोजना तथा कार्यक्रमको रकम भुक्तानी दिँदा खाताहरुमा मात्र रकम भुक्तानी दिइने छ ।
- ✓ गाउँपालिका भित्रका सामाजिक सुरक्षा भत्ता खाइपाइ आएका लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता वैंक खाता मार्फत भुक्तानी गरिने कार्यलाइ तिव्रताका साथ अगाडी वढाइने छ ।
- ✓ प्रधानमन्त्री सोरोजगार कार्यक्रम अन्तर्गत रहेका यस गाउँपालिकाका वेरोजगारी हरुको वैकं मार्फत खाता खोली भुक्तानि प्रक्रियालाई व्यवस्थित गरिने छ ।
- ✓ गाउँपालिकाले प्रतिवद्धता गरे वमोजिम एम.आइ.एस अपरेटर र फिल्ड सहायकको वर्षको एक चौमासिकको पारिश्रमिक गाउँपालिकावाट स्रोत खोजी उपलब्ध गराइने छ ।
- ✓ गाउँपालिकाको आवधिक पञ्च वर्षिय योजना निर्माण गर्न वजेटको व्यवस्थ गरिने छ ।
- ✓ गाउँपालिका भित्र रहेका सम्पूर्ण सरकारी कार्यालयहरुमा संचार, इन्टरनेट सुविधा, टावर र सर्वर जस्ता उपकरण जडान कार्यको लागि निरन्तरता दिइने छ ।
- ✓ कार्यालयमा सफ्टवयर मार्फत काम हुने हुदा सफ्टवयर जडान गरिने कार्यलाइ प्राथमिकता दिइने छ ।
- ✓ कार्यालयको कामकाजलाई मध्यनजर गर्दै सूचनाको पहुँचलाई जनता सामु सजिलै पुर्याउन Digital Notice Board र Group SMS System Software जडान कार्यलाइ निरन्तरता दिइने छ ।
- ✓ ठेक्का पट्टाको कार्यलाइ प्रतिस्प्रधी वनाउन E-bidding को प्रयोगलाई निरन्तरता दिइनेछ ।
- ✓ गाउँपालिका र वडा कार्यालयमा हेल्प डेस्क, सोधपुछ कक्ष, विधुतिय नागरिक वडा पत्रको व्यवस्था गरी सार्वजनिक सेवालाई प्राभावकारी वनाउनुका साथै भए गरेका कार्यहरु नागरिक समक्ष मोवाइल एप्स वाट सूचनाको सहज पहुँचको थप व्यवस्था गरिने छ ।
- ✓ गाउँपालिकामा लागु भएका सम्पुर्ण गैरसरकारी संघ-संस्थाहरुसँग विकासका लागि आवश्यक समन्वय र सहकार्य गर्ने नीति लिइएको छ ।
- ✓ सार्वजनिक सुनुवाइ, सार्वजनिक परिक्षण र सामाजिक परिक्षणलाई पारदर्शी वनाइ सुशासन प्रवर्द्धनमा जोड दिइने छ ।
- ✓ रु ३ लाख भन्दा वढीका आयोजना , कार्यक्रम कार्यान्वयन गर्दा स्पस्ट रुपमा देखिने गरि सूचना पाटी राख्रे व्यवस्थालाइ कडाइका साथ लागु गरिने छ ।
- ✓ मुख्य तथा शाखा शडकको मुआब्जा पाइसकेको जग्गामा स्थापना गरेका घर टहरालाई गाउँपालिकाको करको दायरामा ल्याइने छ ।
- ✓ वेरुजुको लगत राखि वेरुजु फछर्यौट गर्ने कार्यलाइ प्राथमिकता दिइने छ ।
- ✓ नागरिक असन्तुष्टि सर्वेक्षण फारामको विकास गरी प्रत्येक वडा र गाउँपालिकामा समेत सेवाग्राहीको प्रतिक्रिया वुझि सेवा प्रवाहलाई अझ छिटो छरितो र प्रभावकारी वनाइने छ ।
- ✓ स्थानीय प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रस्टाचार मुक्त जनउत्तरदायी र सहभागिता मुलक वनाइदै स्थानीय तहवाट प्रदान गरिने सेवा सुविधामा जनताको समान, सरल र सहज पहुँच सुनिश्चित हुने गरी सुशासनको प्रत्याभुति गराइने छ ।
- ✓ छविसपाथिभेरा गाउँपालिका भित्र संचालन भएका र हुने होटेल, रेष्टुरेन्ट लगायतका सवै प्रकारका खुद्रा पसले हरुले अनिवार्य रुपमा आफ्नो व्यापार व्यवसाय गाउँपालिकामा दर्ता गरी उपभोक्ता मुल्य सूची अनिवार्य रुपमा राख्र लगाइ उपभोक्ताहरुको हित संरक्षण गर्ने नीति लिइएको छ ।
- ✓ उपभोक्ता मुल्य सूची नराखि विक्रि वितरण गर्ने कार्यलाइ निरुतसाहित गर्दै लगिने छ र वजार अनुगमनको कार्यलाइ कडाइका साथ लागु गरिने छ ।

- ✓ इमान्दार, कर्तव्यनिष्ठ, लगनशिल, अनुशासित भइ कार्यालयको कामकाजमा अविछिन्न रुपमा खटिई रहने गाउँपालिका भरीका कर्मचारीहरु मध्येवाट कार्य सम्पादनको आधारमा (तोकिएको सुचकांकमा सवै भन्दा वढी अंक प्राप्त गर्ने) उत्कृष्ठ कर्मचारीहरुको छनौट गरी आ.व. को अन्त्यमा प्रमाणपत्र सहित उचित सम्मान र पुरस्कृत गर्ने नीति कार्यान्वयनमा ल्याइने छ ।
- ✓ गाउँपालिका पदाधिकारी तथा कर्मचारीहरुलाई अध्ययन, अवलोकन भ्रमण तथा तालिमको लागि वजेटको व्यवस्था गरिएको छ ।
- ✓ न्यायिक समितिलाई सक्षम र सवल वनाउन क्षमता विकास मुलक कार्यक्रम संचालन गरिने छ र न्यायिक समितिलाई स्रोत साधन सम्पन्न वनाइने छ ।
- ✓ यस गाउँपालिकाको कार्यालयमा दरवन्दी अनुसार सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्य दक्षता लगनशिलता, क्रियाशिलताको कार्यशैली हेरी पूनरावलोकन गरी उपलब्ध स्रोत साधन, औचित्य र आवश्यकताको आधारमा करार सम्झौता नविवरकण गरिने छ ।
- ✓ गाउँपालिका भित्र स्रोतको पहिचान गरी गाउँपालिकावाट लिइने कर, राजस्व, शुल्क आदिलाई व्यवस्थित र नियमन गरिने छ ।
- ✓ प्रगतिशिल र न्यायिककर प्रणालीका आधारमा करको दायरा विस्तार गरिने छ ।
- ✓ गाउँपालिका र ७ वटै वडा कार्यालयहरुमा सु-शासन इकाइको गठन गरी अनुगमन समितिलाई क्रियाशिल तथा व्यवस्थित वनाइने कार्यलाई निरन्तरता दिइने छ ।
- ✓ आ.व. ०७८/०७९ को प्रारम्भ देखिनै सवै कर्मचारीहरुको कार्य सम्पादन सम्झौता तयार गरी लागु गरिनेछ ।

**अध्यक्ष महोदय,**

अव म यस गाउंपालिकाको आगामी आर्थिक वर्ष ०७८।७९ को प्राप्त वजेट सिलिङ तथा गाउँपालिकाको अनुमानित आन्तरिक आम्दानीको आधारमा वार्षिक वजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस गाउंपालिकाले आर्थिक वर्ष ०७८।०७९ को नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्नको लागि रु ५३ करोड ४० लाख ४२ हजारको वजेट प्रस्तावित गरिएको छ ।

- **जस अन्तर्गत राजश्व तर्फ** : केन्द्र सरकारवाट रु ६ करोड ५७ लाख, , प्रदेश सरकार वाट १० लाख २१ हजार र आन्तरिक आम्दानी तर्फ रु २० लाख गरी जम्मा ६ करोड ८७ लाख २१ हजार रकम प्रस्तावित गरिएका छ ।
- **नेपाल सरकार अनुदान तर्फ :** वित्तिय समानिकरण अनुदान अन्तर्गत नेपाल सरकारवाट प्राप्त अनुदान रु १० करोड ७१ लाख, प्रदेश सरकारवाट ७६ लाख २१ हजार गरी जम्मा ११ करोड ४७ लाख २१ हजार र सर्शत अनुदान तर्फ नेपाल सरकारवाट प्राप्त रु २३ करोड ९२ लाख, विशेष अनुदान केन्द्रवाट १ करोड ४ लाख, सम्पुरक अनुदान केन्द्रवाट ८० लाख, प्रदेशवाट रु ७० लाख, वहुक्षेत्रीय पोषण कार्यक्रमवाट रु १० लाख अन्य संघ सस्थावाट

रु ५० लाख र समाजिक सुरक्षा कार्यक्रमवाट रु ८ करोड रकम गरी जम्मा रु ४६ करोड ५३ लाख २१ हजार प्रस्तावित गरिएको छ ।

समानिकरण तर्फको वजेट मध्ये आर्थिक विकास मा २२ प्रतिशत, सामाजिक विकासमा ३५ प्रतिशत, पूर्वाधार विकासमा २८ प्रतिशत, वातावरण तथा विपद व्यवस्थापनमा ८ प्रतिशत र सुसान तथा संस्थागत विकासमा ७ प्रतिशत क्षेत्रगत वजेट सिमा निर्धारण गरिएको छ ।

अन्तमा  यस आठौँ गाउँसभामा आफ्नो उल्लेख्य सहभागिता जनाउनु भएका प्रमुख अतिथि, विशिष्ट अतिथि, गाउँसभा सदस्य, पत्रकार मित्र, मेरा सहयोगी हातहरु, कर्मचारी लगायत सम्पूर्ण उपस्थित महानुभावहरुलाई धन्यवाद प्रकट गर्न चाहन्छु । साथै हाम्रो छविस पाथिभेरागाउँपालिकामा आर्थिक समृद्धि हासिल गरी जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन हुने क्रियाकलापहरु सञ्चालन गरिनेछ, र यस गाउँपालिकाको समृद्धिको लागि र कोरोना नियन्त्रणका लागि हामी सबै जुटौं भन्ने हार्दिक आव्हान गर्दै सार्वभौम सत्ता सम्पन्न सम्पूर्ण जनताको बान्नी मष्टा, थलीदुर्गा र कोट भैरव देवताले सबैको रक्षा गरुन ।

**धन्यवाद**